STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ३९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ फागन १० गते मंगलबार ❑ 22 Feb. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## मुख्यमन्त्री–बेलायती राजदूत भेट

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ फागुन**



गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल र नेपालका लागि संयुक्त अधिराज्य (बेलायत) का राजदूत निकोला क्याथरिन पोलिटबीच औपचारिक भेटवार्ता भएको छ। मुख्यमन्त्री कार्यालयमै उहाँहरुबीच सोमबार भेट भएको हो।

संयुक्त अधिराज्यले नेपालको विकास र समृद्धिमा निरन्तर गर्दै आएको सहयोगको प्रशंसा गर्दै मुख्यमन्त्री पोखरेलले २ देशबीचको दौत्य सम्बन्ध निकै पुरानो भएको स्मरण गरे। उनले गण्डकी प्रदेशमा बेलायत सरकारबाट जलवायु परिवर्तन अनुकूलन, लघुउद्यम प्रवर्द्धन र आयआर्जन, स्वास्थ्य, पर्यटन, प्रदेश र स्थानीय तहको सुशासन र क्षमता विकास जस्ता महत्वपूर्ण क्षेत्रमा सहयोग गर्दै आएको बताए। नेपाल र बेलायतबीच सन् १८१६ मा दौत्य सम्बन्ध कायम भएको थियो। नेपाली युवाहरु बेलायती सेनामा संलग्न भएर लामा समयदेखि काम गर्ने अवसर पाएको भन्दै मुख्यमन्त्री पोखरेलले उनीहरुको परिवार बेलायतमै बस्दै आएको चर्चा गरे। उनले जलवायु परिवर्तन अनुकुलन र विपद् व्यवस्थापन पर्यटन पूर्वाधार विकास र आय आर्जन र ठूला पूर्वाधार निर्माणमा सहयोगजस्ता क्षेत्रमा बेलायतबाट प्रदेश सरकारले थप सहयोगको अपेक्षा गरेको बताए। मुख्यमन्त्री पोखरेलले प्रदेशलाई आवश्यक कानुनहरूको तर्जुमा र कार्यान्वयन, योजनावद्ध विकासका लागि प्रथम पञ्चवर्षीय योजना तर्जुमा, दिगो विकास लक्ष आधाररेखा प्रतिवेदन तयारी, मध्यमकालीन खर्च संरचना, आयोजना बैंक जस्ता रणनितिक महत्वका दस्तावेजहरूले प्रदेशको विकासका लागि सरकारको गन्तव्य सुनिश्चित गरेको जानकारी गराए। उक्त अवसरमा बेलायती राजदूत निकोलाले जलवायु परिवर्तन अनुकुलन र पर्यटन प्रवर्द्धनका लागि बेलायत सरकारले सहयोग जारी राख्ने प्रतिबद्धता जनाइन्। पोखराको सुन्दरताबाट प्रभावित भएको भन्दै उनले सोमबार बिहान साइक्लिङबाट आनन्द लिएको खुसी साटिन्। नेपालसँगको पुरानो सम्बन्धलाई अझ प्रगाढ र प्रभावकारी बनाउन आफूहरु हरदम तयार रहेको उनको भनाइ थियो। पोखरा र गण्डकी प्रदेशको स्वास्थ्यको क्षेत्रमा बेलायत सरकारले गर्दै आएको सहयोगले निरन्तरता पाउने पनि उनले उक्त अवसरमा जानकारी गराइन्। राजदूत निकोलाले संघीय शासन प्रणाली लागु भएपछिको अवस्था र प्रदेश सरकारको अनुभवका बारेमा उक्त अवसरमा जिज्ञाशा राखेकी थिइन्। गण्डकी प्रदेश नीति तथा योजना आयोग उपाध्यक्ष डा. रघुराज काफ्लेले समृद्ध प्रदेशः सुखी नागरिक निर्माणका लागि हामीले प्रथम पञ्चवर्षीय योजनाका माध्यमबाट बहुआयामिक गरिबी सूचकांक

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरा विश्वविद्यालयका ११ हजार २६८ विद्यार्थी दीक्षित

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ फागुन**

पोखरा विश्वविद्यालयद्वारा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रममा उत्तीर्ण भएका ११ हजार २६८ विद्यार्थी दीक्षित भएका छन्।

पोखरा महानगरपालिका-३० खुदीस्थित विश्वविद्यालय प्राङ्गणमा आइतबार आयोजित १७ औँ दीक्षान्त समारोहमा विसं २०७५ चैत २० गतेदेखि विसं २०७८ फागुन १ गतेसम्म शैक्षिक कार्यक्रममा उत्तीर्ण ती विद्यार्थीलाई दीक्षित गरिएको विश्वविद्यालयले जनाएको छ। दीक्षित विद्यार्थीमध्ये मानविकी तथा व्यवस्थापनतर्फको विद्यावारिधि तहमा तीन, विज्ञान तथा प्रविधि सङ्कायको स्नातकोत्तरतहमा ४९४, स्नातकतहमा दुई हजार ५२१ र स्वास्थ्य विज्ञान सङ्कायको स्नातकोत्तरतहमा ८४ र स्नातकतहमा एक हजार १४ जना छन्। यसैगरी मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गतको एमफिल तहमा ९७, स्नातकोत्तरतहमा ९३ र स्नातकतहमा ५७ तथा व्यवस्थापन सङ्कायको स्नातकोत्तरतहमा एक हजार ६९६ र स्नातकतहमा पाँच हजार २०५ विद्यार्थी दीक्षित भएको विश्वविद्यालयका सूचना अधिकृत लोकप्रसाद ढकालले जानकारी दिनुभयो। उहाँका अनुसार दीक्षान्तमा विभिन्न विधाका ९३१ विद्यार्थी 'डीन लिष्ट'मा पर्न सफल हुनुभयो। तीमध्ये व्यवस्थापन सङ्कायको स्नातकोत्तरतहमा २१९ र स्नातकतहमा ३९०, स्वास्थ्य विज्ञान सङ्कायको स्नातकोत्तरतहमा १८ र स्नातकतहमा ९५, विज्ञान तथा प्रविधि सङ्कायको स्नातकोत्तरतहमा ५७ र स्नातकतहमा १३६, मानविकी तथा सामाजिकशास्त्र सङ्कायको एमफिलतहमा पाँच, स्नातकोत्तरतहमा छ र स्नातकतहमा पाँच विद्यार्थी छन्। दीक्षान्त समारोहमा विद्यावारिधि तहमा सर्वोत्कृष्ट अङ्क प्राप्त गर्ने तीन जनालाई कुलपति पदक, स्नातकतहका विभिन्न विधामा सबैभन्दा उच्च अङ्क प्राप्त गर्ने आठ जनालाई उपकुलपति पदक र स्नातकोत्तरतहका विभिन्न विद्यामा सबैभन्दा उच्च अङ्क प्राप्त गर्ने १६ विद्यार्थीलाई कुलपति पदकले विभूषित गरिएको थियो।

यसैगरी 'कम्प्यूटर एप्लिकेशन' स्नातकतहमा सबैभन्दा उच्च अङ्क प्राप्त गर्ने तीन विद्यार्थीलाई 'ओसिइएम गोल्ड' मेडलबाट विभूषित गरिएको सूचना अधिकृत ढकालले जानकारी दिनुभयो। विश्वविद्यालयको दीक्षान्त समारोहमा विगत तीन वर्षदेखिविविधकारणलेहुनसकेको थिएन। समारोहमा शिक्षाविद् एवं काठमाडौँ विश्वविद्यालयका पूर्वउपकुलपति प्रा डा सुरेशराज शर्माले गण्डकी प्रदेश प्राकृतिक सौन्दर्यसँगै सांस्कृति र ऐतिहासिक दृष्टिकोणले पनि निकै धनी

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गण्डकी प्रदेशका १ हजार ४ सय १ जना व्यवसायीलाई निर्ब्याजी कर्जा

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ फागुन**

गण्डकी प्रदेश सरकारले कोरोनाबाट प्रभावित भएका उद्योगी व्यवसायीहरुको उत्थानको लागि ल्याएको व्यवसायीक जीवन रक्षा कोष (निर्ब्याजी कर्जा प्रवाह) कार्यक्रमलाई थप प्रभावकारी बनाउन अब विकास बैंकले समेत कर्जा प्रवाह गर्ने भएका छन्।

गत वैशाखदेखि सुरु भएको उक्त कार्यक्रम खासै प्रभावकारी हुन नसके पछि प्रदेश सरकारले उक्त कार्यक्रमको कार्यविधि पुनः संसोधन गरी अब विकास बैंकबाट समेत कर्जा प्रवाह गर्ने तयारी गरेको गण्डकी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका अधिकृत मुक्तिनारायण भण्डारीले बताए। गण्डकी प्रदेशका स्थानीय तहहरूमा सरकारी कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट इजाजत पाएका 'क' वर्गका १८ वटा बैंकहरूका प्रदेशका ११ जिल्लामा रहेका ४ सय वटा शाखाबाट सेवा प्रवाह संचालन गरेको थियो। चालु आर्थिक बर्षको असोज मसान्तरसम्म १ हजार ४ सय १ जना व्यवसायीहरुले कर्जा लिएको नेपाल राष्ट्र बैंक पोखरा कार्यालयका प्रधान सहायक तारा पोखरेलले बताइन्। उक्त सङख्याका व्यवसायीहरुलाई हालसम्म १ अर्ब २ ९ करोड कर्जा प्रवाह भएको उनले बताइन्। चालु आर्थिक बर्षको साउन, भदौं र असोजको निब्याजी कर्जा प्रवाह गरे वापत २ करोड ९ लाख ३८ हजार १ सय २३ रुपैया व्याजको रकम नेपाल राष्ट्र बैंकलाई प्रदेश सरकारबाट उक्त रकम प्राप्त भएको प्रधान सहायक पोखरेलले बताइन्। त्यस अघि असार मसान्तरसम्म श्रोत भर्ना २४ लाख ६१ हजार १ सय ३३ रुपैया प्रदेश सरकारबाट प्राप्त भएको उनले जनाइन्। गत चालु आर्थिक बर्ष वैशाख देखि उक्त कार्यक्रम लागु भएको थियो। उहाँका अनुसार केही नयाँ व्यवसायीले थप कर्जा लिएका छन भने पुष मसान्तरसम्मको तथ्याङ्क अबको केही दिनमा मात्र आउने भएको छ। ६ हजार ७ सय ८० आवेदन मध्य उक्त सङख्याका व्यवसायीहरुले असोज मसान्तरसम्म कर्जा लिएको गण्डकी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका मुक्तिनारायण भण्डारीले बताए। लक्षित समुहले अपेक्षा गरे अनुसार कर्जा नलिएको कारण प्रदेश सरकारले पहिलाको १८ वटा बाणिज्य बैंक सहित अब विकास बैंकबाट समेत कर्जा प्रवाह हुने तयारी गरिएको उनले जनाए।

गण्डकी प्रदेशका विकास बैंकहरुलाई उक्त कार्यक्रम लागु गर्न कार्यविधि समेत संसोधन गरिएको प्रदेश सरकारले जनाएको छ। उक्त कोषले साना तथा मझौला केही व्यवसायीलाई थप राहत हुने प्रदेश सरकारले जनाएको छ। उक्त कोषबाट ५० हजारदेखि १५ लाखसम्म निर्ब्याजी कर्जा प्रवाह भएको छ। पर्यटन, कृषि, उद्यम, यातायात,उत्पादन, सेवा लगायतको क्षेत्रमा परेको प्रभावलाई न्यूनीकरण गर्न उक्त कोष सञ्चालनमा ल्याएको हो। उक्त कर्जा प्राप्त गर्ने व्यवसायीहरुले ३ बर्षको लागि प्रयोग गर्न पाउने छन्। उक्त कोषमा प्रदेश सरकारले एक अर्ब बजेट विनियोजन गरेको छ।

## फेवातालको पानीको सतह २० सेन्टिमिटर घटाइने

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ फागुन**

पोखराको मुख्य पर्यटकीय स्थल फेवातालको पानीको सतह घटाइने भएको छ। मंगलबारदेखि २० सेन्टिमिटर फेवातालको पानीको सतह घटाउने भएको जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय कास्कीका डिभिजन प्रमुख कीरण आचार्यले बताए।

सिद्धार्थ राजमार्गमा पर्ने पार्दी बिरौटा क्षेत्रमा हाल नाला सहितको सडक विस्तारको काम जारी रहेकोले उक्त क्षेत्रमा जाने पानीको मात्र कम गराउनको लागि हाल २० सेन्टिमिटर पानीको सतह घटाइने भएको प्रमुख आचार्यले जनाए। उनका अनुसार वैशाखसम्म तालको पानीको सतह घटाइने भएको छ। हाल २० सेन्टिमीटर पानीको सतह घटाउदा तालमा खासै प्रभाव नपर्ने उनले जनाए। स्मरण रहोस गत बर्ष पोखराको फेवाबाधमा रवर शिल्ड फेर्न सहित बाधको मर्मत गर्न केही समय २ मिटर पानीको सतह घटाइएको थियो। पोखराको फेवातालको बाध करिब ३८ बर्ष पछि मर्मत भएसंगै हाल करिब ९९ प्रतिशत पानी चुहावट रोकिएको आचार्यले दाबी गरे।

२०१८ सालमा पोखराको फेवातालमा भारतको सहयोगमा बाध निर्माण भएको त्यस पशचात २०२८ सालदेखि भत्कन सुरु भएको बाध २०३१ सालमा बाध फुट्न गएको प्रमुख आचार्यले बताए। भत्केको बाध यूएनडिपीको सहयोगमा २०३९ सालमा मर्मत भएको उनले जनाए।

## वेगनास फेरोमा बेलायती राजदूतको साइकल यात्रा

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ फागुन**

बेलायती राजदूत निकोला पोलिटले पोखरा-३१ स्थित वेगनास फेरोमा साइकल यात्रा गर्नुभएको छ। साइकल सिटी पोखराको समन्वय र सुदृढ परियोजनाको आयोजनामा उहाँले सोमबार बिहान वेगनास फेरोको करिब १० किलोमिटर साइकल यात्रा गर्नुभएको हो।

पोखरा महानगरपालिकाको कार्बन न्युटल डेभलपमेन्ट पथ कार्यक्रममा सहभागी हुन पोखरा आउनुभएका उहाँले कार्यक्रममा सहभागी हुनुपूर्व वेगनास फेरोमा साइकल यात्रा गर्नुभएको सुदृढ परियोजना पोखराका संयोजक होमनाथ गैह्लेले जानकारी दिनुभयो। उहाँका अनुसार पोलिटले सोमबार बिहान साइकल सिटीका २० जना सदस्यसँगै लेखनाथका विभिन्न तालको दृश्यावलोकनसहित साइकल यात्रा गर्नुभएको हो।

पोलिटले आफ्नो साइकल यात्राबारे अनुभव सुनाउँदै भन्नुभयो, 'सोमबारको बिहान निकै रमाइलो भयो। माछापुच्छ्रेको सुन्दर दृश्य हेर्दै वेगनास वरिपरिको साइकल यात्रा मेरो लागि निकै रोमाञ्चक र अविस्मरणीय बन्यो।' कोभिड-१९ का कारणले विश्वव्यापी रुपमै पर्यटन क्षेत्रमा गम्भीर असर पारेको जनाउँदै उहाँले अब भिसा प्रोटोकल लुज हुँदै र कोरोना संक्रमण दर घट्दै गएपछि नेपालमा पर्यटकको संख्या बढ्ने विश्वाससमेत व्यक्त गर्नुभयो। सो अवसरमा उहाँले नेपाल बिट्रिसको कूटनीतिक सम्बन्ध धेरै राम्रो भएको र बेलायतमा नेपाललाई हेर्ने दृष्टिकोण पनि निकै सकारात्मक रहेको बताउनुभयो।

उहाँले बिट्रिसहरूले नेपालका अग्लाअग्ला पहाड हेर्न र हिमाल आरोहण गर्न निकै मन पराउने गरेको बताउनुभयो। राजदूत पोलिटले जलवायु परिवर्तनले नेपालको हिमालयन क्षेत्रमा परेको असरलाई पनि बेलायत सरकारले निकै चासोका रूपमा लिएको बताउनुभयो। साइकल सिटी पोखराका अध्यक्ष अभिषेक कोइरालालेलेखनाथकोलामास्वाराँदेखि रामदीवेगनास, सुन्दरीडाँडा हुँदै वेगनास फेरोको साइकल यात्रा गरेको जानकारी दिनुभयो।

राजदूतको साइकल यात्राले यस क्षेत्रको प्रचारप्रसारमा सकारात्मक भूमिका खेल्ने उहाँले विश्वास व्यक्त गर्नुभयो। 'उहाँले साइक्लिङका क्रममा हामीसँग निकै रमाइलो अनुभव साट्नु भयो, सुन्दर दृश्यवलोकनसहित उहाँले निकै सकारात्मक सन्देश दिने भिडियो पनि खिच्नुभएको छ। यसले हामीलाई निकै उत्साहित बनायो।' कोइरालाका अनुसार केही समयअघि वेगनास फेरोमा साइक्लिङ गरेका तस्बिर साइकल सिटी सचिव जय गुरुङले ट्विटरमा पोष्ट गरेको देखेपछि राजदूतले रुचि देखाएर सो साइकल रुटका बारेमा जानकारी लिनुभएको थियो। सचिव गुरुङका अनुसार साइकल सिटीले पोखरालाई प्रवर्द्धन गर्नका लागि 'टुर दी पोखरा' सँगै नयाँ वर्षमा 'नयाँ ठाउँ एक गन्तव्य' कार्यक्रम गर्दै आएको छ।

पोखरा पर्यटकीय सहर भएकाले साइकल मैत्री सहर बनाउनुपर्छ भन्ने अवधारणा अघि सार्दै पोखराका विभिन्न २१ स्थानहरुमा साइकल स्ट्यान्ड राखेको छ। त्यसैगरी बाढीपहिरा पीडितलाई सहयोग, वृक्षारोपण, रक्तदानलगायत सामाजिक एवम् वातावरण मैत्री कार्यक्रम पनि गर्दै आएको साइकल सिटीमा एक सयभन्दा बढी सदस्य रहेका छन्। साततालको फेरोको ७४ किलोमिटरको साइकल मार्गको प्राजेक्टका लागि पनि काम गर्ने तयारी भएको उहाँले जानकारी दिनुभयो।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# 'दुर्लुङकोटको पर्यटकीय सम्भावनालाई उजागर गर्नुपर्छ'

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ फागुन**

पर्वतको कुष्मा नगरपालिका-३ स्थित धार्मिक एवं ऐतिहासिकस्थल दुर्लुङ्को पर्यटकीय सम्भावनालाई उजागर गर्नुपर्नेमा जोड दिइएको छ।

पर्यटन क्षेत्रमा नयाँ गन्तव्यको पहिचान, प्रचारप्रसार र प्रवर्द्धनको लक्ष्यका साथ नेपाल एशोसिएशन अफ ट्राभल एन्ड टुर एजेन्ट्स (नाट्टा), गण्डकी प्रदेशद्वारा आइतबारदेखि सुरु गरिएको पर्वत र बागलुङ जिल्लका पर्यटकीय गन्तव्य अवलोकन भ्रमण, अन्तर्क्रिया एवं तालिमका अवसरमा दुर्लुङमा आयोजित कार्यक्रमका सहभागीले सम्भावना भएर पनि ओझेलमा परेको दुर्लुङका पर्यटकीय सम्भावनालाई उजागर गर्नुपर्ने बताए। गण्डकी प्रदेशका पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मणिभद्र शर्मा कँडेलले इतिहासको साक्षी दुर्लुङको ऐतिहासिक एवं धार्मिक महत्वलाई पर्यटन बजारमा पुऱ्याउनुपर्ने बताउनुभयो। प्राकृतिक दृश्यावलेकनका लागि पनि यहाँको उत्तिकै महत्व रहेको उल्लेख गर्दै उहाँले आसपासका गाउँका उत्पादनलाई



पनि यहाँको पर्यटनसँग जोड्न सकिने बताउनुभयो। नाट्टा गण्डकी प्रदेशका अध्यक्ष सञ्जयकान्त सिग्देलले कोरोना प्रभावित पर्यटनलाई आन्तरिक पर्यटनको विकासका माध्यमबाट अघि बढाउन सकिने जनाउँदै प्रदेशमा लुकेर रहेका पर्यटकीय गन्तव्यको प्रवर्द्धनलाई संस्थाका तर्फबाट सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। दुर्लुङकोटको पर्यटकीय सम्भावनालाई उजागर गर्नका लागि गन्तव्य पहिचान कार्यक्रममार्फत आफूहरू आएको उल्लेख गर्दै उहाँले सबैको साथ र सहयोगमा यस्ता गन्तव्यको प्रवर्द्धन र विकास गर्न सकिने बताउनुभयो। दुर्लुङकोट भूमे मन्दिरका पुजारी कृष्णप्रसाद सुवेदीले बाइसे चौबीसे राजाका पालादेखि नै यस क्षेत्रको महत्वपूर्ण शक्तिपीठका रुपमा रहेको र मनले चिताएको पुग्ने धार्मिकस्थलका रुपमा रहे पनि पर्यटकीयरुपमा अझै ओझेलमा परेको बताउनुभयो।

कुष्मा नगरपालिकाका प्रमुख रामचन्द्र जोशीले स्थानीय तहका तर्फबाट यसस्थलको विकासका लागि निरन्तर साथ र सहयोग गर्दै आइएको बताउनुभयो। नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख काशीराज भण्डारीले सम्भावना बोकेका गन्तव्यको प्रवर्द्धनका लागि पर्यटन सम्बद्ध सङ्घ संस्थासँग सहकार्य गर्दै बोर्ड अघि बढिरहेको बताउनुभयो। वरिष्ठ पर्यटन व्यवसायी गणेशबहादुर भट्टराईले दुर्लुङकोटका पर्यटकीय सम्भावनालाई पर्यटन बजारसँग जोड्नुपर्ने जनाउँदै यसका लागि स्थानीय जागरुकता आवश्यक हुने बताउनुभयो। पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराईले कोरोनाले प्रभावित बनाएको पर्यटनलाई पुनःरुत्थान गर्नु जरुरी रहेको बताउँदै परिषद्ले पर्यटनसम्बद्ध सबै संस्थालाई साथमा लिएर हिँड्ने विश्वास व्यक्त गर्नुभयो। कार्यक्रममा दुर्लुङकोट भूमे मन्दिर व्यवस्थापन समितिका उपाध्यक्ष मनकुमारी गिरी, सचिव वालकृष्ण शर्मा, कुष्मा-३ का कावा वडाध्यक्ष यमनाथ शर्मा, स्थानीय समाजसेवी खेमबहादुर गुरुङ, नाट्टा गण्डकी प्रदेशका महासचिव कमला गिरी, कार्यक्रम संयोजक एवं नाट्टा गण्डकी प्रदेशका उपाध्यक्ष किशोर दाहाललगायतले दुर्लुङकोटको धार्मिक एवं सांस्कृति महत्वबारे प्रकाश पार्नुभयो।

कार्यक्रम संयोजक किशोर दाहालका अनुसार कार्यक्रमका क्रममा पर्यटन सम्बद्ध संस्थाका प्रतिनिधि, सञ्चारकर्मीसहितको टोलीले आइबार कुष्मास्थित शताब्दी घरको पनि अवलोकन गरेको छ। टोली कुश्मा आसपासका पर्यटकीयस्थलको प्रवर्द्धनात्मक भ्रमण एवं स्थानीय पर्यटन व्यवसायीलाई 'डिजिटल मार्केटिङ' तालिम दिएर फर्कने छ।

# भिष्म र राजेश रेवान पोखरा भेट्रान्स टेनिसको फाइनलमा

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ फागुन**

भिष्मराज पौडेल र राजेश गुरुङ्ग पोखरा रंगशालामा जारी रेवान पोखरा भेट्रान्स टेनिस प्रतियोगिता-२०७८ अर्न्तगत नवप्रवेशितर्फ फाइनलमा प्रवेश गरेका छन्।

सोमबार भएको सेमिफाइनल खेलमा भिष्मले दुर्गा सुनारलाई ६-२, ६-३ ले तथा राजेशले रविन गुरुङ्गलाई ६-२,६-० ले पराजित गर्दै फाइनलमा स्थान बनाएका हुन्।

कास्की जिल्ला टेनिस संघको आयोजना तथा रेवान पोखराको मुख्य प्रायोजनमा जारी प्रतियोगिताको नवप्रवेशितर्फको फाइनल खेल मंगलबार हुनेछ। त्यस्तै प्रतियोगिता अन्तर्गत सिनियर भेट्रान्सतर्फका खेलहरुपनि मंगलबारदेखिनै शुरु हुने आयोजक संघ कास्कीका सचिव नविन श्रेष्ठले जानकारी दिए। नवप्रवेशितर्फ सेमिपफाइनल पुगेका भिष्मराज पौडेल, रविन गुरुङ्ग, दुर्गा सुनार र राजेश गुरुङ्गले पनि सिनियरतर्फ भाग लिन पाउने भएका छन्। प्रतियोगितामा खुल्ला एकलतर्फका विजेताले नगद १५ हजार तथा दोश्रो हुनेले नगद ७ हजार ५ सय सहित ट्रफि पुरस्कार प्राप्त गर्नेछन्। डबल्सतर्फ विजेताले नगद १० हजार तथा उपविजेताले नगद ५ हजार सहित ट्रफि पुरस्कार प्राप्त गर्नेछन्। नवप्रवेशितर्फका विजेता र उपविजेताले ट्रफि पुरस्कार प्राप्त गर्नेछन्।

# तनहुँमा ई-पासपोर्ट वितरण सुरु

**पोखरापत्र संवाददाता**
**तनहुँ, ९ फागुन**

जिल्लाप्रशासन कार्यालयबाट ई-पासपोर्ट वितरण थालिएको छ। जिल्लाबाट ई-पासपोर्ट वितरण थालेपछि सर्वसाधारणले काठमाडौं धाउनुपर्ने समस्याको अन्त्य भएको छ।

प्रशासनले सुरुमा हप्ताको छ दिन २५ जनाका दरले सेवाग्राहीलाई सेवा दिने गरे पनि अहिले बढाएर प्रतिदिन ४५ सेवाग्राहीलाई सेवा पुऱ्याइएको सहायक प्रमुख जिल्ला अधिकारी काशीराम गैरेले जानकारी दिनुभयो। उहाँका अनुसार कार्यालयले दुई पटक पासपोर्ट ल्याएर वितरण गरिसकिएको छ।

कर्मचारीको अभाव, कर्मचारीमा दक्षता नभएका कारण सुरुमा काम गर्न कठिनाइ हुने भएकाले कम सेवाग्राहीलाई सेवा दिइएको हो। उहाँले भन्नुभयो, "कर्मचारीमा दक्षता अभिवृद्धिसँगै सेवाग्राही सङ्ख्या क्रमिक रुपमा बढाउँदै सेवा प्रवाह गर्न थालिएको छ।" कर्मचारीको जनशक्ति बढाएर दुई स्टेशनबाट सेवा दिने योजना बनाइएको उहाँले बताउनुभयो। ई-पासपोर्ट लागू गर्नुअघि कार्यालयमा दैनिक ७० देखि ८० जनासम्म सेवाग्राही पासपोर्टका लागि सेवा लिन आउने गरेका थिए।

ज न त ा ल े घरबाटै अनलाइनबाट फर्म भरेर प्रशासनमा आएर अन्य सेवा लिन सकुन भन्ने उद्देश्यले अनलाइन प्रणालीको व्यवस्था गरिए पनि सर्वसाधारणमा उक्त पहुँच पुग्न नसकेको सहायक प्रजिअ गैरेले जानकारी दिनुभयो।

## मुख्यमन्त्री...

१४ दशमलव २ बाट ७ प्रतिशतमा झार्ने, औसत आर्थिक वृद्धिदर १० दशमलव २ प्रतिशत पुऱ्याउने लक्ष्य राखेको उनले राजदूत निकोलालाई सुनाए। उनले भने, 'प्रतिव्यक्ति आय १ हजार ४३ बाट १ हजार ९ सय ५६ अमेरिकी डलर पुऱ्याउने, पूर्ण बेरोजगारी ९ बाट ४ प्रतिशतमा घटाउने लक्ष्य लिएका छौं।' गण्डकी प्रदेशलाई पर्यटन हब र पोखरालाई नेपालको पर्यटकीय राजधानीका रूपमा विकास गरी वार्षिक २० लाख पर्यटक भित्र्याउने लक्ष्य पनि उनले सुनाए। उक्त भेटवार्ताका अवसरमा मुखयमन्त्रीका राजनीतिक सल्लाहकार खड्गबहादुर कमाल, प्रमुख सचिव रवीलाल पन्थ, सचिवहरु रामप्रसाद आचार्य, मनमायाँ पंगेनी, लगायत सहभागी थिए। कार्यक्रममा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (पिएलजीएसपी) गण्डकीका टिम लिडर वीरेन्द्र पराजुलीले उक्त परियोजनाको उपलब्धिका बारेमा जानकारी गराएका थिए।

# कपडा व्यवसायी एशोसियसन कास्कीको रजत वर्ष

**पोखरापत्र संवाददाता**
**तनहुँ, ९ फागुन**

कपडा व्यवसायी एशोसियसन कास्कीको रजत वर्षको अवसरमा पाँच दिने योग शिविर सम्पन्न भएको छ।

पतन्जली योग समिति कास्की अन्तरगतको गणेश योग केन्द्र पोखरामा सम्पन्न उक्त शिविरमा कपडा व्यवसायीहरु लगायतले सहभागीता जनाएका थिए। शिविरको समापन कार्यक्रममा बोल्दै पोखरा महानगरपालिका वडा नं. ४ का वडा अध्यक्ष शंकर प्रसाद बास्तोलाले योगको विकासका लागि आफुहरु सकारात्मक रहेको बताउदै आवश्यक सहयोग गर्ने प्रतिवद्धता जाहेर गरे। योग केन्द्रलाई प्रविधिसंग जोड्नु पर्नेमा जोड दिदै उनले केन्द्रमा इन्टरनेटको व्यवस्था गरिदिने बताए। जसका कारण केन्द्रमा स-शरिर उपस्थित भएर योग गर्न नसक्नेहरुका लागि घर मै बसेर योगका बारेमा आवश्यक प्रशिक्षण लिने तथा योगाभ्यास गराउन मद्धत पुग्ने विश्वास व्यक्त गरे। मानिसहरुमा विभिन्न कारणले व्यवस्तता बढ्दै जानु र समयको व्यवस्थापन पनि समस्या कै रुपमा




देखिएका बेला प्रविधिमा आधारित योग प्रभावकारी हुने उनको विश्वास छ।

यस्तै एशोसियसनका संस्थापक अध्यक्ष रामजी प्रसाद बास्तोलाले मानव जातिमने सुदुर भविष्यको गहिरो चिन्तन गर्दै विभिन्न ऋषीमुनीहरुले यसको विकास गरेकाले योगको अनुसरण आवश्यक रहेको बताए। एशोसियसनका पुर्व अध्यक्ष रामचन्द्र गौतमले शरिर स्थिर राख्न नहुने उल्लेख गर्दै नियमित योगाभ्यासमा जोड दिए। आफु वर्षौंदेखी योग गर्दै आएको बताउदै योगका कारण स्वस्थमा सामान्य बाहेक कुनै खराबी नआएको उनले बताए। एशोसियसनका निवर्तमान अध्यक्ष नविन नापितले योग मानव स्वास्थ्य र दिर्घ जिवनका लागि अपरिहार्य रहेको बताए। कपडा व्यवसायी एशोसियसन कास्कीका महासचिव धर्ममान सिंह भण्डारीले योग विश्व समुदायका लागि पुर्विय दर्शनले दिएको एक सुन्दर अनुपम उपहार भएको बताए। गणेश योग केन्द्रकी योग प्रशिक्षक बन्दना पालिखेले भावका साथ गरिने योगले आनन्द प्राप्त हुने उल्लेख गरिन्।

कपडा व्यवसायी एशोसियसन कास्कीको रजत वर्षका अवसरमा संस्थाका अध्यक्ष विष्णुप्रसाद तिमिल्सनाको नेतृत्वमा संस्थामा आवद्ध व्यवसायीहरुले पाँच दिनसम्म आयोजित योग शिविरमा सहभागिता जनाएका थिए। उनिहरुले शिविर प्रभावकारी भएको प्रतिक्रिया दिएका छन्।

# विश्वकप क्रिकेट छनोट : क्यानडालाई पराजित गर्दै नेपाल सेमिफाइनलमा

**रासस**
**काठमाडौं, ९ फागुन**

आइसिसी टी-२० विश्वकप क्रिकेट छनोटमा क्यानडालाई पराजित गर्दै नेपाल सेमिफाइनलमा पुगेको छ। क्यानडालाई आठ विकेटले हराउँदै नेपाल सेमिफाइनलमा प्रवेश गरेको हो।

ओमानको मस्कटस्थित क्रिकेट एकेडेमी ग्राउन्ड-१ मा आज भएको समूह चरणको अन्तिम खेलमा नेपालले क्यानडालाई सहजै पराजित गरेको हो। जितसँगै नेपाल समूह 'बी' को विजेता बनेको छ। एकासी रनको विजयी लक्ष्य नेपालले १४ दशमलव एक ओभरमा दुई विकेट गुमाउँदै पूरा गऱ्यो। नेपालका लागि प्रारम्भिक ब्याटस्म्यान कुशल भुर्तेलले अविजित रहँदै सर्वाधिक ३४ रनको योगदान दिए। भुर्तेलले ३७ बल खेल्ने क्रममा तीन चौकासमेत प्रहार गरे।

यस्तै दीपेन्द्रसिंह ऐरी ३१ बलमा २७ रन बनाउँदै अविजित रहे भने आसिफ शेखले १७ रन बनाए। बलिङतर्फ क्यानडाका कलिम साना र सलमान नाजरले एक-एक विकेट लिए। त्यसअघि टस जितेर ब्याटिङ गरेको क्यानाडाले १५ ओभरमा सबै विकेट गुमाउँदै ८० रन मात्र बनायो। क्यानाडाका डिलोन हेलिगरले अविजित रहँदै २४ रनको योगदान दिए। कप्तान नभनित धालिवालले १८, रायन पठानले १४ तथा सलमान नाजरले १० रन बनाए। बलिङतर्फ नेपालका कप्तान सन्दीप लामिछानेले सर्वाधिक ३ विकेट लिए। उनी प्लेयर अफ दी म्याचसमेत भए। यस्तै अविनाश बोहरा र कमलसिंह ऐरीले दुई-दुई तथा कुशल मल्लले एक विकेट लिए। जीतसँगै तीन खेलमा ६ अङ्क जोड्दै नेपाल समूह विजेता बन्यो। यस्तै ओमान तीन खेलबाट चार अङ्क जोडेर समूह उपविजेता बन्दै सेमिफाइनल पुगेको छ। क्यानडा र फिलिपिन्स भने प्रतियोगिताबाट बाहिरिएका छन्। अब नेपालले मङ्गलबार सेमिफाइनलमा समूह 'ए' को उपविजेता संयुक्त अरब इमिरेट्स (युएई)सँग खेल्नेछ। यस्तै अर्को मङ्गलबार नै अर्को सेमिफाइनल ओमान र आयरल्यान्डबीच हुनेछ। फाइनल प्रवेश गर्ने दुवै टोली अष्ट्रेलियामा आगामी अक्टोबर १६ देखि नोभेम्बर १३ तारिखसम्म हुने आइसिसी पुरुष टी-२० विश्वकपका लागि छनोट हुनेछन्।

## पोखरा...

रहेको उल्लेख गर्नुभयो। उहाँले यस प्रदेशमा प्रखर चिन्तक, लेखक, कवि र विद्वान्‌को प्रचुरता रहेको, राम्रा विद्यापीठ रहेको तथा जलविद्युत् उत्पादनमा पनि अग्रणी रहेको बताउनुभयो। पोखरा विश्वविद्यालयका उपकुलपति प्रा डा प्रेमनारायण अर्यालले पोखराको प्राकृतिक सम्पदा, मौलिकता तथा पहिचान झल्कने गरी शिक्षा, स्वास्थ्य, पर्यटन र उद्योगका विविध पक्षलाई समेटी पोखरा विश्वविद्यालयले आफ्ना नीति तथा कार्यक्रमलाई विस्तार गर्दै लैजाने जानकारी दिनुभयो। दीक्षित विद्यार्थीलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, "तपाईहरू जस्ता जोश, जाँगर र सीपले निपुण दक्ष युवा विकसित र समुन्नत राष्ट्र निर्माण गर्ने कार्यमा मजबुत आधार र बलियो खम्बा हो। भोलि देशलाई कस्तो बनाउने, कुन दिशामा लैजाने हो तपाईरूमा नै निर्भर गर्दछ।"


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।
- जर्ज बार्वर

**सम्पादकीय**

# सधैं मलको हाहाकार

कृषि प्रधान मुलुक नेपालमा किसानले मल नपाउने समस्या छाखेतीको बेला बीउ र मलको हाहाकार हुनेगर्छ। मजदुर, किसानको नाम भजाउने पार्टी सरकारमा जाँदा किसानले मल किन्न नपाउने अवस्था छ। कृषि मन्त्रालय राजनीतिक दलको रोजाईको हुँदैन । सत्ता साझेदारी गर्दा कृषि प्राथमिकतामा पर्ने गरेको छैन ।सरकारले कृषिमा आत्मनिर्भर हुने निबन्ध सधैं लेख्ने गर्छ । आत्मनिर्भर हुन किसानलाई के के सहयोग गर्नुपर्छ त्यो कहिल्यै सोचिदैन।कृषिको लागि मल, बीउ, सिचाइ र आधुनिक प्रबिधि प्रयोग गर्न प्रोत्साहित गर्न सकेको छैन । नेपाली उखान जुन जोगी आएपनि कानै चिरेको थैलो भिरेको भनेझैं भएको छाशेर बहादुर देउवा नेतृत्वको गठबन्धन सरकारमा कृषि मन्त्री जनता समाजवादी पार्टीका महेन्द्र प्रसाद यादव छन।जसपाले किसानका लागि काम गर्ने वाचा गरेर कृषि मन्त्रालय लिएको हो ।

सरकार बन्दा गरेको वाचा भूलेर पुरानोलाई दोष दिने गरिन्छ । मन्त्रीको प्राथमिकतामा परेको रासायनिक मल आयात गर्ने प्रयास कागजमा सिमित हुन पुगेको छ ।, ठेक्का प्रक्रियाबाट जति प्रयास गरेपनि असफल भइरहेका छौं,' भनेर मन्त्री यादवले हात उठाएका छन । भाषण गरेको, नारा लगाएको र नेतालाई रिझाउन पुगेको आधारमा राजकीय जिम्मेवारी दिएको परिणाम अहिलेको अव्यवस्था हो । अहिले अनुदानको मल कृषि सामग्री कम्पनी र साल्ट ट्रेडिङमार्फत खरिद हुन्छ। कृषि सामग्रीले ७० प्रतिशत र साल्टले ३० प्रतिशत खरिद गरिरहेको छ। ती दुबैले ग्लोबल टेण्डर प्रक्रियमार्फत खरिद गर्छन् ।

टेण्डर प्रक्रियाबाट मल खरिद गर्दा करिब ६/७ महिना नै लाग्छ । पछिल्लो समय अन्तर्राष्ट्रिय बजारमा मलका लागि आवश्यक कच्चा पदार्थको मूल्य अत्याधिक रुपमा बढेको छ भने मागअनुसार पूर्ति हुन सकेको छैन। उत्पादक कम्पनीहरुले नै कच्चा पदार्थ पाइरहेका छैनन्। जसले गर्दा बजारमा मलको थप समस्या देखिएको छ। यी समस्याहरु समाधन गर्न जीटूजी मार्फत मल खरिद र नेपालमै मल कारखाना आवश्यक रहेको मन्त्री यादवले महसुस गरेका छन ।

आजको मात्रै होइन, विगतदेखिकै हो । अन्तर्राष्ट्रिय बजारमा मलको कच्चा पदार्थ मूल्य करिब ३ सय प्रतिशत बढेकाले सरकारले जति अनुदान दिएपनि समयमै मल आउन सकेन,' उनले भने, 'अबको विकल्प नेपालमै मल कारखाना स्थापना, जीटूजीबाट मल खरिद र इन्धनमाजस्तै मलमा पनि स्वाचालित मूल्य कायम हुनुपर्छ।' जीटूजीमार्फत खरिद गर्दा पनि करिब ३० प्रतिशत मात्रै आयात गर्न पाइन्छ। यस प्रावधानलाई पनि परिमार्जन गर्न आवश्ययक रहेको मन्त्री यादवले बताए । मन्त्री यादवले अहिले मलका लागि धरै मुलुकसँग पत्राचार भएको बताए। उनले भारतसँग जीटूजी विधिमार्फत ५ वर्षका लागि रासायनिक मल आपूर्ति गर्ने प्रकृया अगाडि बढेको बताए।

वार्षिक १ लाख ५० हजार टनको दरले आपूर्ति गर्नेगरी सम्झैता (एमओयू)को क्रममा रहेको उनको भनाइ छ । यादवले लगानी बोर्डको कार्यशैलीप्रति आक्रोस पोख्दै बोर्डकै कारण लगानी फिर्ता भइरहेको आरोप लगाए । 'अन्य मुलुकको हकमा एक महिनामै टुङ्गो लाग्छ । तर, लगानी बोर्डले निर्णय गर्न ढिलाई गरिदिएको छ। मलको कारखाना ग्यास वा बिजुली के बाट सञ्चालन गर्ने हो भन्नेबारे टुङ्ग्याउन सकेन,' पोखर यादवले भने, 'लगानी बोर्डले लामो समय लगाइदिँदा नेपालबाट लगानीकर्ता फिर्ता भए। लगानी बोर्डले चाँडै वातावरण बनाईदिनु पर्छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बड्ने |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : शत्रुको भय | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : कार्यमा सफलता | मकर | : मन चञ्चल |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : मानसिक तनाब | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# एमसिसीबारे छलफल सदनमा हुन्छ : वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ फागुन**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले अमेरिकी सहयोग निकाय मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसिसी) को विषय सडकबाट सदनमा प्रवेश गरेकाले यो विषयमा अब राष्ट्रको ध्यान संसद्तर्फ केन्द्रित भएको बताउनुभएको छ।

सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलका नेतासँग एमसिसीका सम्बन्धमा छलफल गरी समान धारणा बनाउन क्रियाशील रहनुभएका उहाँले एमसिसीबारे अब वास्तविकरुपमा सदनमा छलफल हुने प्रतिक्रिया दिनुभयो।पूर्वसभामुखसमेतरहनुभएका पौडेलले भन्नुभयो, "एमसिसीबारे बाहिर सडकमा अफवाह र हल्ला मात्र फैलिएको छ, यो विषय संसद्मा प्रवेश पाएको छ, त्यसैले राष्ट्रको ध्यान संसद्तर्फ केद्रित भएको छ।" जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवसँग सोमबार भएको छलफलपछि सञ्चारकर्मीसँग उहाँले जटिलरुपमा आइरहेको एमसिसी र देशको परिस्थितिबारे विभिन्न कोणबाट छलफल गरेको बताउनुभयो। वरिष्ठ नेता पौडेलले भन्नुभयो, "एमसिसीका विषयमा कुरा गर्दा हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र विकासको अवस्था के हुन्छ भन्ने पाटोबाट गहनसँग राम्रै कुरा गरेका छौँ । सैद्धान्तिकरुपमा हाम्रो बीचमा मतभेद केही देखिएन तर केही प्राविधिक विषय पनि छन् ।" देशसँग जोडिएको महत्वपूर्ण विषय एमसिसीबारे संसद्मा प्रतिनिधित्वमा रहेका राजनीतिक दलका सबै नेतासँग आफूले कुराकानी अघि बढाएको बताउदै उहाँले भन्नुभयो, "हाम्रो पुस्ता असफल पुस्तामा परिणत भई मुलुक सङ्कटतर्फ जाने हो कि भन्ने चिन्ता भएर नेतालाई भेटेको हुँ।

देश सङ्कटतर्फ नजाओस् भन्नेमै मेरो चिन्ता छ ।" अमेरिकाले नेपालको गरिबी अन्त्य गर्न तथा यहाँ उत्पादित विद्युत् बाह्य मुलुकमा निर्यातका लागि प्रसारण लाइन बनाइदिने प्रयोजनका लागि उपलब्ध गराउन लागेको सहयोगले मुलुकको आम्दानी बढ्ने, गरिबी हटाउन मद्दत पुग्ने एवं जनताले सुविधा प्राप्त गर्ने उहाँले विश्वास व्यक्त गर्नुभयो।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १९ पुरनचौर सडक नाला तथा ढलान निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम: पुरनचौर सडक नाला तथा ढलान निर्माण**
**ठेगाना: पोखरा- १९, पुरनचौर**
**योजना सम्झौता मिति: २०७८/०८/२० गते**
**योजना शुरु हुने मिति : २०७८/०९/०१ गते**
**योजना सम्पन्न हुने मिति : २०७८/१२/२९ गते**
**योजना सम्पन्न मिति: २०७८/१०/२९ गते**
**योजनाको कुल लागत : रु. १३,३३,३३३/३३**
**महानगरपालिकाबाट प्राप्त रकम : रु.१२,००,०००/-**
**जन सहभागितावाट : रु.१,३३,३३३/३३**
**योजनाको कुल लागत खर्च: रु.१३,४०,०००/-**
**उपभोक्ता समिति अध्यक्ष: दान बहादुर भुजेल**
**उपभोक्ता जम्मा सदस्य: ९ जना महिला सदस्य: २ जना**

**पुरनचौर सडक नाला तथा ढलान निर्माण योजना**
**पोखरा-१९, कास्की**

## विमा लेख हरायो

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु।
नाम: भगवती लामिछाने
विमा लेख नं. १३००४१९८२
सम्पर्क : लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
पोखरा शाखा
फोन नं.: ०६१-५३९१९१, मो. ९८४६०८४०१४

## विमा लेख हरायो

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु।
नाम: राज कुमार वि.क.
विमा लेख नं. १३००६०६७७
सम्पर्क : लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
पोखरा शाखा
फोन नं.: ०६१-५३९१९१

## विमा लेख हरायो

गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।
नाम: सुशिला दमै
विमा लेख नं. ०६१०००९३२२
**सम्पर्क : गुरास लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड**
क्षेत्रीय कार्यालय, पोखरा
फोन: ०६१-५२४४५०, ९८०६६२०२९२

# अल्ट्रासाउण्ड सेवा सुरु

**पोखरापत्र संवाददाता**
**लमजुङ ९ फागुन**

जिल्लास्थित मध्यनेपाल नगरपालिकाले भार्लेटार स्वास्थ्यचौकी मार्फत 'अल्ट्रासाउण्ड सेवा' सुरुआत गरेको छ।

गर्भवती महिला तथा नवजात शिशुको मृत्युदर घटाउने लक्ष्यका साथ पहिलोपटक आइतबारदेखि सो सेवा थालनी गरिएको हो। नगर प्रमुख रमेशकुमार पाण्डेले स्वास्थ्यचौकीका अनमी सुनिता रायमाझीलाई 'अल्ट्रासाउण्ड मेसिन' हस्तान्तरण गर्दै सो सेवा सुरु गर्नुभयो।

नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख सूर्यप्रसाद पौडेलका अनुसार गण्डकी प्रदेश सरकारले पनि सो उपकरण उपलब्ध गराएको हो । चिसंकु, रम्घा र भोर्लेटार स्वास्थ्यचौकीबाट उक्त सेवा उपलब्ध भइरहेको नगरपालिकाले जनाएको छ।

नगरपालिकाले गर्भवती तथा नवजात शिशुका लागि निःशुल्क एम्बुलेन्स उपलब्ध गराउँदै आएको छ। चालु आवको साउन महिनाबाट हालसम्म १६२ नयाँ गर्भवती थपिएको नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख पौडेलले जानकारी दिनुभयो। यस अवधिमा १५२ सुत्केरी भएका, ती मध्ये ११६ ले पालिकाभित्रका स्वास्थ्य संस्थामार्फत सुरक्षित प्रसूति सेवा लिएका र ३६ जनालाई बाहिरा 'रिफर' गरिएको जनाइएको छ।

# नेपाल-पाकिस्तान मैत्रीपूर्ण टि-ट्वान्टी क्रिकेट प्रतियोगिता हुने

**रासस**
**काठमाडौं, ९ फागुन**

पाकिस्तानी दूतावासको आयोजनामा नेपाल-पाकिस्तान मैत्रीपूर्ण टि-ट्वान्टी क्रिकेट प्रतियोगिता हुने भएको छ।

दूतावासले आज यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा आगामी मार्च २ (फागुन १८) देखि ९सम्म सातौं संस्करणको प्रतियोगिता आयोजना हुन लागेको जानकारी दिएको हो । दूतावासका प्रथम सचिव सकिल अहमदले विगतका वर्ष झैं यस वर्ष पनि उक्त प्रतियोगिताको आयोजना गर्न लागेको जानकारी दिनुभयो।

"क्रिकेट पाकिस्तानको महत्वपूर्ण खेल भएकाले यसैबाट दुईदेशबीचको सम्बन्ध झन् प्रगाढ बनाउनका लागि प्रतियोगिता गर्दै आएका हौं", उहाँले भन्नुभयो। यस्ता खेलले नेपालका क्रिकेटप्रेमीका लागि पनि सहयोग पुग्ने उहाँको भनाइ थियो । नेपाली क्रिकेट टोलीका पूर्वकप्तान एवं क्रिकेट एक्सिलेन्स सेन्टरका संस्थापक पारस खड्काले प्रतियोगिता युवा क्रिकेट खेलाडीकालागिएउटाप्लेटफर्मकारुपमा रहेको बताउनुभयो। उहाँले यस प्रतियोगिताको मुख्य आकर्षण भनेको युवा खेलाडी तथा राष्ट्रिय टोलीमा नपरेका खेलाडीलाई मौका मिल्ने जानकारी दिनुभयो। प्रतियोगिताका लागि शुभकामना दिँदै नेपालका लागि पाकिस्तानी राजदूत सइद हैदर शाहले युवालाई उनीहरुको क्षमता प्रयोग गर्न प्रोत्साहन गर्ने उदेश्यले प्रतियोगिता आयोजनागर्नलागिएकोजानकारी दिनुभयो । उहाँले यस प्रतियोगिताबाट पाकिस्तान र नेपालबीचको सम्बन्ध तथा दुई देशका खेलप्रेमीबीचको सम्बन्धलाई अझ सुमधुर बनाउने विश्वास व्यक्त गर्नुभयो। प्रतियोगिताका खेल धुम्बाराहीस्थित पाकिस्तानी दूतावासको क्रिकेट मैदानमा हुनेछ । पत्रकार सम्मेलनमा विजेताले प्राप्त गर्ने ट्रफी पनि सार्वजनिक गरिएको थियो।

# मनाङमा पुनःहिमपात, यातायात अवरुद्ध

**रासस**
**मनाङ, ९ फागुन**

पश्चिमी न्यूनचापीय प्रणालीको प्रभावले मनाङमा भारी हिमपात भएको छ।

आइतबार बिहानदेखि माथिल्लो मनाङमा भारी हिमपात भएको हो । करिब १५ दिनअघि भएको हिमपातपछि अवरुद्ध सडक खुलाउन नपाउँदै आइतबारदेखि पुनःहिमपात भएको छ । आइतबारदेखि हिमपातपछि यातायात सञ्चालन हुन सकेको छैन।

यहाँको सडकको हिउँ हटाउन नपाउँदै हिमपात भएसँगै समस्या भएको प्रमुख जिल्ला अधिकारी रवीन्द्र आचार्यले जानकारी दिनुभयो। उहाँका अनुसार मनाङको चामे र यस वरपरको तापक्रम माइनस ७ डिग्री सेल्सियस पुगेको छ।

"यहाँ पुनःहिमपात भएपछि सवारीसाधन चल्ने अवस्था छैन । भारी हिमपातले सवारी आवागमन अवरुद्ध भएको छ", आचार्यले भन्नुभयो, "जनजीवन भने सामान्य रहेको छ।" मनाङ डिस्याङ गाउँपालिकाको खाङ्सार, टङ्की र मनाङ च्याखु, भ्राका, मुङ्जे, घ्यारु, ङाबल, हुम्डे, पिसाङ, नार्पाभूमि गाउँपालिकाको नार, फू, क्याङ तथा च्याखु गाउँका साथै सदरमुकाम चामे बजार क्षेत्रसहित कोतो, थानचोक, तिमाङ र नासों गाउँपालिकाको तिल्चे, नाचे, ताचे, ओडार गाउँ, घेराङ गाउँ, घेलाञ्चोक गाउँ, थोंचे, धारापनी र तालगाउँमा भारी हिमपात भएको छ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्म:
१९९८/03/07 गते

स्वर्गारोहण:
२०७८/१०/२६ गते

**स्व. लोकराज अधिकारी**

हाम्रो यस शुभकामना महिला बिकास केन्द्रको पूर्व सचिव श्री निर्मला लामिछानेको पुजनीय पिता **लोकराज अधिकारी** को ८० वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं । उहाँको दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

**सुमिता श्रेष्ठ**
**अध्यक्ष तथा**
**शुभकामना महिला बिकास केन्द्र परिवार**

# स्थानीय तह निर्वाचन :राजनीतिक दलका गतिविधि गाउँ केन्द्रित

**पोखरापत्र संवाददाता**
**बागलुङ, ९ फागुन**

स्थानीय तहको निर्वाचन तयारी अघि बढेसँगै जिल्लामा राजनीतिक दलका गतिविधिलाई गाउँ केन्द्रित गरेका छन् । जिल्लामा ठूला दर मात्रै नभएर साना राजनीतिक दलले समेत वडा तहमै आफ्ना पार्टीका गतिविधि अगाडि बढाएका छन् । राष्ट्रिय राजनीतिका मुख्य प्रतिस्पर्धी दल नेपाली कांग्रेस, नेकपा (एमाले),नेकपा (माओवादी केन्द्र) सहित राष्ट्रिय जनमोर्चा, एकीकृत समाजवादी, राष्ट्रिय प्रजातन्त्र पार्टी र जसपाले समेत गतिविधि बढाउँदै लगेका छन् ।

सङ्घीय सरकारका सत्ता साझेदार दलले आआफ्नै ढङ्गले पार्टीका गतिविधि अगाडि बढाएका छन् । प्रमुख प्रतिपक्षदल एमालेले अहिले वडा तहमै भेला र बैठक गरिरहेको छ । जिल्ला अधिवेशन सकेर सङ्गठन विस्तार अभियानमा रहेका ठूला दल चुनाव केन्द्रित हुँदै आएका हुन् । जिल्ला अधिवेशनपछि तातेको कांग्रेसले पार्टी कार्यालय निर्माण, ५० लाखको कार्यालय व्यवस्थापन कोष अभियानलाई तीव्रता दिएको कांग्रेस बागलुङका सभापति जित शेरचनले जानकारी दिनुभयो । उहाँले कांग्रेस वडा तहमै आफ्नो निर्वाचन केन्द्रित अभियान, सङ्गठन विस्तारसँगै पार्टी कार्यालय बनाउनका लागि सहयोग सङ्कलन अभियान चलाइरहेको जानकारी दिनुभयो । "सत्ता गठबन्धनका विषयमा समेत छलफल भइरहेको छ, तर गाउँमा अहिले आ-आफ्नै ढङ्गले चुनावी अभियन केन्द्रितसमेत भएका छौँ, सँगसँगै जिल्लाको पार्टी कार्यालय बनाउनका लागि सहयोग सङ्कलन र भेटघाटलाई तीव्रता दिँदै आएका छौँ", सभापति शेरचनले भन्नुभयो, "निर्वाचनमा कांग्रेसले जनताको मन जित्ने गरी अहिले गाउँ, वडादेखि टोलसम्मै पार्टीका गतिविधि बढाइरहेका छौँ ।" उहाँका अनुसार टोलमै पुगेर निर्वाचन लक्षित समिति गठन गर्दै चुनावी अभियानलाई तीव्रता दिएको छ ।

एमालेले जिल्ला अधिवेशन, जिल्ला कमिटी बैठक सकेर पालिका हुँदै वडामा पुगेको एमाले प्रचार विभाग प्रमुख चन्द्र गणेश पौडेलले जानकारी दिनुभयो । "स्थानीय तहको निर्वाचन मिति तोकेलगत्तै उत्साहित बनेको एमाले र निर्वाचित जनप्रतिनिधि अहिले गाउँमा भेला, बैठक तथा सङ्गठन विस्तार अभियानमा लागि परेका छन्", उहाँले भन्नुभयो, "अहिले एमाले कसरी आफूले निर्वाचनमा विजयी हुने भन्ने रणनीतिक योजनाका साथ गाउँ पसेको छ, अहिलेसम्म बरेङ गाउँपालिका अधिवेशनबाहेका नौ वटा स्थानीय तह र सबै वडा अधिवेशन सकेर एमाले गाउँ गाउँमा पुगेको छ ।" अहिले सत्ता साझेदारी कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी र राष्ट्रिय जनमोर्चाले गठबन्धनलाई स्थानीय तहको निर्वाचनसम्मै लैजानका लागि दलीय भेटघाट बढाएका छन् भने छुट्टाछुट्टैरुपमा गाउँमा आफ्ना गतिविधिसमेत बढाउँदै लगेको देखिन्छ। यस्तै गठबन्धनलाई स्थानीय तहमा कायम गरेर लैजानै अथवा अन्य विकल्प खोज्ने विषयमा गठबन्धनसँग र एमालेसँग भेटवार्ता बढाइरहेको र माओवादी केन्द्रले आफ्नो ढङ्गले गाउँ केन्द्रित अभियान चलाइरहेको माओवादी केन्द्र बागलुङ नगर कमिटीका सचिव राजु खड्काले जानकारीदिनुभयो । माओवादीले बागलुङ नगरपालिकाका सबै वडा र टोलमा यही फागुन १४ सम्म भेला गरी सक्ने गरी प्रतिनिधि खटाएको जनाएको छ । राष्ट्रिय जनमोर्चाले समेत पार्टीका गतिविधिलाई सक्रिय बनाएको छ ।

सरकारले स्थानीय तहको निर्वाचनको घोषणा गरेसँगै अब स्थानीय तह जनप्रतिनिधिविहीन नहुने काठेखोला गाउँपालिकाका अध्यक्ष अम्मरबहादुर थापाले बताउनुभयो । उहाँले स्थानीय तह पुनःजनप्रतिनिधिविहीन हुने अवस्थाको अन्त्य भएको र स्थानीय राजनीतिक दल निर्वाचन केन्द्रित भएको जानकारी दिनुभयो ।

जिल्लामा जनप्रतिनिधिसँगै राजनीतिक दल र आमजनतामा निर्वाचनको मिति घोषणाले उत्साह छाएको छ । पुनः स्थानीय तहको सत्ता कर्मचारीकै हातमा पुग्ने होकी भन्ने पिरलो स्थानीय तहको निर्वाचन मिति घोषणसँगै हटेर गएको जिल्लाका नेताले बताएका छन् । जिल्लाका राजनीतिक दलले आफ्नो पालिकादेखि वडासम्मै जिम्मेवारी बाँडफाँट विभिन्न विभाग, फाँट, वडागतरुपमा भौगोलिक जिम्मेवारी दिएर पार्टीलाई निर्वाचन केन्द्रित अभियान सञ्चालन गरिरहेका छन् ।

# धार्मिकस्थलमा चहलपहल बढ्यो : तातोपानीमा आउन थाले बिरामी

**पोखरापत्र संवाददाता**
**म्याग्दी ९ फागुन**

म्याग्दीका धार्मिक पर्यटकीयस्थलमा पर्यटकको चहलपहल बढेको छ । कोभिड सङ्क्रमण घट्दै गएपछि जिल्ला प्रशासन कार्यालयले धार्मिकस्थल फागुन १ गतेबाट खुला गरेसँगै धर्मावलम्बीहरुको चहलपहल बढेको हो । त्यसैगरी प्राकृतिक चिकित्सालयको नामले चर्चित म्याग्दीको बेनी नगरपालिका- ४ सिङगा तातोपानीमा डुबेर उपचार लिनका लागि पनि बिरामी आउन थालेका छन् ।

कोरोना सङ्क्रमण कम भएकाले सबै धार्मिकस्थलमा भक्तजनको लागि पूजा गर्न खुला गरिनुका साथै स्वास्थ्य मापदण्ड पालना गरी धार्मिक, ऐतिहासिक तथा पर्यटकीयस्थलमा आउजाउ गर्न थालेपछि चहलपहल बढेको हो । म्याग्दीको गलेश्वर शिवालय धाममा लामो समयको बन्दपछि धार्मिकस्थल खुला गरिएकोले भक्तजनको भीड लागेको गलेश्वर क्षेत्र विकास कोषका कार्यालय सचिव रामबहादुर बानियाँले जानकारी दिनुभयो । गलेश्वरमा सोमबार र शनिबार करिब दुई सयजना भक्तजन पूजा गर्न मन्दिरमा आएको उहाँले बताउनुभयो । भक्तजनको चहलपहल बढेसँगै कोरोना कहरले थलिएको पर्यटन व्यवसायीले राहतको महसुस गरेका छन् । प्रसिद्ध धार्मिकस्थल गलेश्वर धाम, महारानी थान, बेनी शिवालय, स्थानीय मठ मन्दिरलगायतका धार्मिक, ऐतिहासिक पर्यटकीयस्थलमा चहलपहल बढेको छ । कोरोना जोखिम कायमै रहेकाले स्वास्थ्य सुरक्षा मापदण्ड भने अनिवार्य पालना गरी मन्दिरमा पूजाको व्यवस्था गरिएको कोषका कार्यालय सचिव बानियाँले बताउनुभयो । त्यसैगरी मालिका धुरी, गाजने लगायतका ठाउँमा घुम्न आउने धार्मिक पर्यटकको चहलपहल बढेको छ । धार्मिक पर्यटक आउन थालेपछि कोरानाले थलिएको पर्यटन व्यवसायीले राहतको महसुस गरेको होटल व्यवसाय सञ्चालन गर्नुभएका डम्मर घर्तीले बताउनुभयो । लामो समयसम्म मन्दिर बन्द रहँदा भक्तजनले पूजापाठ गर्न नपाएकाले सङ्क्रमणबाट बच्न स्वास्थ्य मापदण्ड पालना गर्दै मन्दिरमा दर्शनका साथै पूजापाठ गर्नेगरी मन्दिर खुला गरेपछि भक्तजनको भीड बढेको बगरफाँटस्थित दुर्गाभगवती मन्दिर व्यवस्थापन समितिका सचिब दीपक घिमिरेले बताउनुभयो । मन्दिर बन्द रहेको अवस्थामा पूजारीमार्फत नित्य पूजा हुँदैआएको थियो । ओमिक्रोन सङ्क्रमण बढेपछि जिल्ला प्रशासन कार्यालयले सूचना प्रकाशित गर्दै माघ मसान्तसम्मका लागि जिल्लाका सबै मठ, मन्दिर, चर्च, मस्जिद बन्द गरेको थियो । यसैगरी म्याग्दीका पर्यटकीय तथा ऐतिहासिकस्थलमा पनि फागुनको सुरुवातसँगै आन्तरिक पर्यटकको चहलपहल बढेको छ । सदरमुकाम बेनी बजारमा पनि फागुन लागेसँगै व्यापार व्यवसायका साथै चहलपहल बढेको स्थानीय व्यापारीले बताएका छन् । कोभिड-१९ को महामारी अघि यहाँ दैनिक सयौँ आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल हुने गरेकामा २०७६ साल चैत ११ गतेदेखि लकडाउन गरिएपछि यहाँको चहलपहल शून्य भएको थियो ।

तर, फागुनदेखि सङ्क्रमणदर घटेसँगै बेनीमा आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल सुरु भएको छ । पुनहिल, घोडेपानी, रुप्से झरना, अन्धगल्छी, गलेश्वर, धौलागिरि हिमालजस्ता विश्वप्रशिद्ध पर्यटकीयस्थल रहेको म्याग्दी जिल्लाको सदरमुकाम बेनी बजारमा दुई वर्षपछि पुनः चहलपहल बढेको स्थानीय व्यापारीले बताएका छन् ।

# मनाङमा पुनःहिमपात, यातायात अवरुद्ध

**रासस**
**मनाङ, ९ फागुन**

पश्चिमी न्यूनचापीय प्रणालीको प्रभावले मनाङमा भारी हिमपात भएको छ ।

आइतबार बिहानदेखि माथिल्लो मनाङमा भारी हिमपात भएको हो । करिब १५ दिनअघि भएको हिमपातपछि अवरुद्ध सडक खुलाउन नपाउँदै आइतबारदेखि पुनःहिमपात भएको छ । आइतबारदेखि हिमपातपछि यातायात सञ्चालन हुन सकेको छैन ।

यहाँको सडकको हिउँ हटाउन नपाउँदै हिमपात भएसँगै समस्या भएको प्रमुख जिल्ला अधिकारी रवीन्द्र आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार मनाङको चामे र यस वरपरको तापक्रम माइनस ७ डिग्री सेल्सियस पुगेको छ ।

"यहाँ पुनःहिमपात भएपछि सवारीसाधन चल्ने अवस्था छैन । भारी हिमपातले सवारी आवागमन अवरुद्ध भएको छ", आचार्यले भन्नुभयो, "जनजीवन भने सामान्य रहेको छ ।" मनाङ ङिस्याङ गाउँपालिकाको खाङ्सार, टङ्की र मनाङ च्याखु, भ्राका, मुङ्जे, घ्यारु, ङाबल, हुम्डे, पिसाङ, नार्पाभूमि गाउँपालिकाको नार, फू, क्याङ तथा च्याखु गाउँका साथै सदरमुकाम चामे बजार क्षेत्रसहित कोतो, थानचोक, तिमाङ र नासों गाउँपालिकाको तिल्चे, नाचे, ताचे, ओडार गाउँ, घेराङ गाउँ, घेलाञ्चोक गाउँ, थोंचे, धारापनी र तालगाउँमा भारी हिमपात भएको छ ।

पहाडी क्षेत्रमा वर्षा भएकाले जिल्लामा अझै पनि हिमपात हुनसक्ने देखिएको छ । हिमपात एवं चिसोबाट बच्न र सतर्कता अपनाउन जिल्ला प्रशासन कार्यालय तथा प्रहरी कार्यालयले सूचना जारी गरी स्थानीयवासीलाई अनुरोध गरेका छन् ।

## श्री अकला नमुना साना किसान कृषि सहकारी संस्था लि.

**(नेपाल लाइभसटक सेक्टर इनोभेसन आयोजनाको अनुदान सहयोगमा संचालित)**
**नमुना दुग्ध प्रशोधन उप-आयोजना**
**(उप-आयोजना संकेत नं. ISAN9)**
**वालिङ-६, स्याङ्जा**

## बोलपत्र आव्हानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०७८/११/०८**

**बोलपत्र नं. १**

१. सम्बन्धित आधिकारिक निकायबाट इजजात प्राप्त VAT मा दर्ता भएका र आ.व. २०७७/०७८ सम्म करचुक्ता गरेका आपुर्तिकर्ताहरुबाट दुग्ध प्रशोधन तथा विविधीकरण सम्बन्धी मेशिन उपकरण आपुर्तिका लागि यस नमुना दुग्ध प्रशोधन उप–आयोजनाद्धारा यो बोलपत्र आव्हान गरिएको छ ।
२. इन्छुक आपुर्तिकर्ताले यस उप–आयोजना कार्यालयबाट यस सम्बन्धमा थप जानकारी प्राप्त दरभाउ पत्र बोलपत्र सम्बन्धी कागजात हेर्न सक्नेछन् ।
३. बोलपत्रदाताले रु. ३०००।– राजस्व खाता १४२२९ मा जम्मा गरेको भौचर पेश गरी २०७८/१२/१३ गते दिनको १:00 बजेसम्म श्री अकला नमुना साना किसान कृषि सहकारी संस्था वालिङ–०६ स्याङ्जा (सम्पर्क नं. ०६३–४४००९२) बाट दरभाउ पत्र खरिद गर्न सक्नेछन् ।
४. बोलपत्र यस उपआयोजना कार्यालयमा मिति २०७८/१२/१३ गते दिनको ४:00 बजेभित्र गराइसक्नु पर्नेछ र ढिलो गरी प्राप्त हुन आएका बोलपत्र स्विकार गरिने छैनन् ।
५. बोलपत्र खोलिएको मितिदेखि गणना गरिने गरी दरभाउ पत्रको अवधि ३५ दिनको हुनुपर्ने र वोलपत्र साथ रु ३,४१,०३६/– बराबरको जमानत पत्र र बोलपत्र खोलिएको मितिदेखि गणना हुने गरी ९0 दिनसम्म मान्य रहने गरी बैंक जमानत पत्र संलगन रहनु पर्ने छ ।
६. दर्ता हुन आएका दरभाउ पत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा यस उप–आयोजनाको कार्यालयमा मिति २०७८/१२/१५ गते दिनका ११ बजे खोलिने छ ।

## मादी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**थुमाकोडाँडा, कास्की, गण्डकी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति २०७८/११/१० गते**

यस कार्यालयको मिति २०७८/१०/०७ गतेको "आदर्श समाज राष्ट्रिय दैनिक" पत्रिकामा प्रकाशित सूचना अनुसार निम्न कार्यको लागि e–bidding बिधि मार्फत आह्वान भई तोकिएको म्यादभित्र दर्ता हुन आएका बोलपत्रहरु मध्येबाट तपशिल बमोजिमका बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएको देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ तथा सोही ऐनको दफा ४७ समेतको प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (V.A.T. बाहेक) | कैफियत |
|---|---|---|---|---|
| 21/MRM/G/NCB/2078/79 | Procurement Of Agricultural Machinery | AMC Engineering Solution & Developers Pvt. Ltd., Jawagal-10, Lalitpur, Bagmati Province, Nepal | NRs. 4,037,900.00 | |

**प्रमुख प्रशासकीय अधिकृत**

## वर्ल्ड मार्फा ब्राण्डी उद्योग

**मार्फा-२, मुस्ताङ, नेपाल**

## मूल्य सूची सम्बन्धमा सूचना

यस उद्योगबाट उत्पादित निम्न ब्राण्डका ब्राण्डी नेपाल अधिराज्य भित्र बिक्री वितरण गर्न आ.व. २०७८/०७९ का लागि मिति २०७८/११/१० गतेदेखि लागू हुने गरी निम्न बमोजिम मूल्य प्रकाशित गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रकाशित मूल्यमा अन्तःशुल्क, मू.अ.कर र अन्य शुल्क समेत समावेश गरिएको छ ।

| ब्राण्डको नाम | शक्ति यू.पि. | मि.लि. | नेशनल डिष्ट्रिब्युटर्स | | रिजनल डिष्ट्रिब्युटर्स | | डिष्ट्रिब्युटर्स | | होलसेल | | रिटेल | | उपभोक्ता मूल्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | मूल्य | कमिशन | मूल्य | कमिशन | मूल्य | कमिशन | मूल्य | कमिशन | मूल्य | कमिशन | प्रति कार्टुन | प्रति बोटल |
| Limpa Mitho | ३० | ३७५ (२४ x ३७५) | ७७१० | ५४० | ८२५० | २५० | ८५०० | ३४० | ८८४० | ४४० | ९२८० | ६८० | ९९६० | ४१५ |
| | | ७५० (१२ x ७५०) | ७६५० | ५४० | ८१९० | २५० | ८४४० | ३४० | ८७८० | ४४० | ९२२० | ७४० | ९९६० | ८३० |
| Limpa Apricoat Brandy | ३० | ३७५ (२४ x ३७५) | ९३५० | ७५० | १०१०० | ४२५ | १०५२५ | ४७५ | ११००० | ५६० | ११५६० | १०४० | १२६०० | ५२५ |
| | | ७५० (१२ x ७५०) | ९३५० | ७५० | १०१०० | ४२५ | १०५२५ | ४७५ | ११००० | ५६० | ११५६० | १०४० | १२६०० | १०५० |